## महानगरको छात्रवृत्ति कोटाबाट तीन हजार भर्ना

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार १ गते*

काठमाडौँ महानगरपालिकाले सञ्चालन गरेको छात्रवृत्ति छनोट परीक्षामा सफल भएका तीन हजार ५१ विद्यार्थी निजी शिक्षण संस्थामा कक्षा ११ मा भर्ना भएका छन् । शैक्षिक २०८३/८४ का लागि कक्षा ११ र १२ मा छात्रवृत्ति कोटामा अध्ययन गर्न चाहने विद्यार्थीमध्ये छात्रवृत्ति छनोट परीक्षाबाट ती विद्यार्थी छनोटमा परेका थिए । यी विद्यार्थी पहिलो 'म्याचिङ लिस्ट' का आधारमा योग्यताक्रममा परेका हुन् ।

यसरी भर्ना हुने विद्यार्थीमध्ये एक हजार ९०१ जना विज्ञान विषयमा, व्यवस्थापनमा एक हजार १११ जना, कानुनमा ३४ जना र मानविकीमा पाँच जना छन् । परीक्षा समितिले म्याचिङ लिस्टको दोस्रो सूचीमा ४८६ जनाको नाम प्रकाशन गरेको छ ।

शिक्षा अधिकृत एवं परीक्षा समितिका सदस्यसचिव रामचन्द्र खड्काका अनुसार दोस्रो सूचीमा विज्ञान विषयका लागि ३२३ जना, व्यवस्थापन विषयका लागि १४५ जना, कानुनका लागि १५ जना, मानविकीका लागि एक जना र शिक्षाका लागि दुई जना विद्यार्थीको नाम सिफारिस भएको छ ।

दोस्रो सूचीमा परेका विद्यार्थी असार ३ गतेभित्र तोकिएको शिक्षण संस्थामा अनिवार्य रूपमा भर्ना भइसक्नुपर्ने छ । तोकिएको समयसीमाभित्र भर्ना नभएमा सम्बन्धित शिक्षण संस्थामा छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीको दाबी स्वतः रद्द हुने समितिले प्रकाशन गरेको सूचनामा उल्लेख छ । समितिले असार ३ गतेपछि तेस्रो सूची निकाल्ने तयारी गरेको छ । यस वर्षका लागि महानगरपालिकाभित्रका १४५ वटा शिक्षण संस्थाका लागि चार हजार ८५७ कोटा निर्धारण गरिएको थियो ।

यसमा विज्ञान विषयका लागि दुई हजार ३७१ कोटा छन् । व्यवस्थापनमा एक हजार ५४९, शिक्षामा सात, मानविकीमा ४९ र कानुनमा ७५ कोटा निर्धारित छन् । यी विषयमा १८ हजार ३५८ जना, दुई हजार ३८२ जना, ११० जना, ४६३ जना, ६२१ जना विद्यार्थी भर्नालाई आधार मानेर कोटा निर्धारण गरिएको हो ।

## पर्व र नाच अभौतिक सम्पदाको सूचीमा सूचीकृत

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार १ गते*

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पाँच वटा पर्व र नाचलाई अभौतिक सम्पदाको राष्ट्रिय सूचीमा सूचीकृत गरेको छ । मन्त्रालयले मन्त्रीस्तरीय निर्णय अनुसार विभिन्न समुदायको पहिचान एवं अभिलेखीकरणमार्फत अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण सम्बन्धित समुदायबाटै गर्ने कार्यलाई निरन्तरता दिन जेठ २७ गते राष्ट्रिय सूचीमा सूचीकृत गरेको हो ।

मन्त्रालयका सहसचिव जयनारायण आचार्यका अनुसार अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) सम्बन्धी आन्तरिक दिग्दर्शन, २०८२ बमोजिम सम्बन्धित समुदायबाटै आवेदन दर्ता भएका १२ वटा अभौतिक सांस्कृतिक सम्पदाको आवेदनमध्ये पाँच वटा पर्व तथा नाचलाई अभौतिक सांस्कृतिक सम्पदाको राष्ट्रिय सूचीमा सूचीकरण गरिएको हो ।

अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण गर्न माझी समुदायमा प्रचलनमा रहेको लदीपूजा, मगर समुदायको भुमेपर्व, नेवा (श्रेष्ठ, ज्यापू, नकर्मी) समुदायको जिब्रो छेड्ने जात्रालाई यो सूचीमा सूचीकरण गरिएको छ । यसै गरी नेवा (श्रेष्ठ, ज्यापू, नकर्मी) समुदायकै श्रीनीलवाराही गणनाच र मगर समुदायको चनारु स्याइँनाचलाई समेत मन्त्रालयले यो सूचीमा सूचीकृत गरेको उहाँले जानकारी दिनुभयो ।

मन्त्रालयले अघिल्लो आर्थिक वर्षदेखि राष्ट्रिय सूचीकरणको अभियान थालनी गरेकोमा गत वर्ष आवेदन परेका १०५ वटा अभौतिक सांस्कृतिक सम्पदामध्ये ललितपुरको योमरी मात्र राष्ट्रिय सूचीकरणमा समावेश भएको थियो । नेपालले सन् २०१० मा अभौतिक सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) महासन्धि अनुमोदन गरेको थियो । नेपालमा पहिले राष्ट्रिय सूचीकरण भएपछि मात्र अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सूचीकरणका लागि युनेस्कोमा पठाउने व्यवस्था छ ।

सूचीकरणपश्चात् नेपालको सांस्कृतिक अस्तित्व बच्नुका साथै सांस्कृतिक पर्यटनको विकास, स्वरोजगार सिर्जना र संस्कृतिबाटै समृद्धिको मार्ग प्रशस्त हुने विश्वाससहित सरकारले अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणलाई चुस्तदुरुस्त एवं प्रभावकारी ढङ्गले अगाडि बढाउन यो परियोजना सुरु गरेको हो ।

# बजेटको प्रभावकारिता कार्यान्वयनमा निर्भर

**स्मिता अर्जेल**
*मकवानपुरगढी, असार १ गते*

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ६६ अर्ब ९३ करोड ३३ लाख ३३ हजार रुपियाँको बजेट सार्वजनिक गरेको छ ।

प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले सोमबार प्रदेश सभामा बजेट प्रस्तुत गर्दै सामाजिक सुरक्षा, पूर्वाधार, प्रशासनिक सुधार, कृषि, सूचना प्रविधि र रोजगारीलाई प्राथमिकतामा राखिएको बताउनुभएको छ ।

बजेट सार्वजनिक भएसँगै राजनीतिक दल, निजी क्षेत्रलगायतले मिश्रित प्रतिक्रिया दिएका छन् । सरकारले उत्पादन, रोजगारी, पूर्वाधार विकास र कृषि क्षेत्रलाई प्राथमिकतामा राखेको दाबी गरे पनि सरोकारवालाले बजेटको प्रभावकारिता कार्यान्वयनमा निर्भर रहने बताएका छन् ।

बागमती प्रदेश सभाका प्रमुख विपक्षी दल नेपाली कम्युनिस्ट पार्टीका संसदीय दलका नेता शालिकराम जम्कट्टेलले बजेटमा केही सकारात्मक कार्यक्रम समेटिए पनि पुराना योजनाको निरन्तरता र स्रोतको यथार्थ अवस्थाबिच कार्यान्वयन चुनौतीपूर्ण हुने टिप्पणी गर्नुभयो । बजेटले जनताको प्रत्यक्ष जीवनस्तर सुधार गर्ने कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेमा उहाँको जोड थियो । उहाँले भन्नुभयो, "खासै सन्तोषजनक कार्यक्रम यही छ भन्ने लागेको छैन यद्यपि नीति तथा कार्यक्रममा दिइएका केही सुझावलाई बजेटले समेटेको छ । बजेटमा चित्तबुझ्दो कार्यक्रम कुनै छैन । कार्यक्रम, योजनाहरू पुरानै छन् । सरकार टुक्रे योजनामै अल्झिएको देखिन्छ ।"

प्रदेशका पूर्वमुख्यमन्त्री तथा अर्थमन्त्री बहादुरसिंह लामाले समग्रमा बजेट सकारात्मक रहेको प्रतिक्रिया दिनुभयो । बजेट कार्यान्वयन र आयोजना छनोट प्रक्रियामा उहाँले प्रश्न उठाउनुभएको छ । प्रदेश सरकारले बजेटमार्फत अघि सारेको 'आयोजना बैङ्क' अवधारणा स्वागतयोग्य रहेको बताउँदै उहाँले त्यसको प्रभावकारी कार्यान्वयनका लागि पर्याप्त तयारी आवश्यक पर्ने बताउनुभयो । योजना बैङ्कमा आयोजना सूचीकृत गर्दैमा विकासले गति नलिने उल्लेख गर्दै उहाँले त्यसका लागि दीर्घकालीन सोच, स्पष्ट संरचना र कार्यान्वयन संयन्त्र आवश्यक हुने बताउनुभयो ।



बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङ ।

"कहाँ संरचना बनाउने, कस्तो संरचना बनाउने, कुन क्षेत्रलाई प्राथमिकता दिने भन्ने विषयमा धेरै अगाडिदेखि नै विस्तृत छलफल र तयारी हुनु पर्छ," उहाँको भनाइ छ । "पर्याप्त अध्ययन र तयारीबिना आयोजनाहरू आयोजना बैङ्कमा राख्ने हो भने त्यसले अपेक्षित परिणाम दिन सक्दैन, बरु कार्यान्वयन झन् फितलो बन्न सक्छ," उहाँले भन्नुभयो । उहाँले प्रदेश सरकारले आफ्नो संवैधानिक तथा एकल अधिकारका क्षेत्रलाई प्रभावकारी रूपमा प्रयोग गर्दै विकासको स्पष्ट मार्गचित्र तयार गर्नुपर्ने धारणा राख्नुभयो । पूर्वमुख्यमन्त्री लामाले बजेट विनियोजन पहुँच र प्रभावका आधारमा नभई आवश्यकता र प्राथमिकताका आधारमा हुनुपर्ने बताउनुभयो । "विकासको वास्तविक मापन बजेटको आकारले होइन, त्यसको परिणाम र कार्यान्वयनले गर्छ," उहाँले भन्नुभयो ।

मकवानपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष प्रमोदसिंह रानाभाटले बजेटमा उद्योग, पर्यटन र उद्यमशीलता प्रवर्धनका कार्यक्रम समावेश गरिएको भन्दै स्वागत गर्नुभएको छ तर निजी क्षेत्रलाई लगानीमैत्री वातावरण सिर्जना गर्ने ठोस नीतिगत व्यवस्था अझ आवश्यक रहेको उहाँको भनाइ छ । अध्यक्ष रानाभाटले बजेटले उत्पादन र रोजगारी सिर्जनालाई केन्द्रमा राखेको देखिए पनि कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना आवश्यक रहेको बताउनुभयो । "उद्योग क्षेत्रका लागि भनेर ठ्याक्कै बजेट विनियोजन भएको पाइएन तर पनि सरकारले उद्योगहरूको उत्थानका लागि आवश्यक पहल चाल्छ भन्ने अपेक्षा छ । औद्योगिक क्षेत्रका लागि मात्र नभएर अन्य क्षेत्रमा पनि सरकारले आकर्षक योजनाहरू ल्याएको अनुभुति भएको छ ।"

मकवानपुरका उद्यमी फेन्चु लामाले कृषि उत्पादन वृद्धि, सिँचाइ विस्तार, कृषि सडक तथा बजार व्यवस्थापनका कार्यक्रमलाई सकारात्मक रूपमा लिनुभएको छ । किसानले उत्पादनको उचित मूल्य पाउने व्यवस्था, कृषि बिमा र भण्डारण सुविधामा थप लगानी आवश्यक रहेको उहाँको धारणा छ । बजेटले कृषि क्षेत्रलाई प्राथमिकतामा राखे पनि त्यसको प्रतिफल खेतबारीसम्म पुग्नुपर्ने उहाँले बताउनुभयो । किसानलाई प्रविधिसँग जोड्ने बजेट आवश्यक रहेको उहाँले बताउनुभयो ।

## युरिया मलको अभाव झेल्दै कृषक

**बनेपा समाचारदाता**
*बनेपा, असार १ गते*

काभ्रेपलाञ्चोकका अधिकांश स्थानका कृषक यतिबेला मकै गोड्न व्यस्त छन् भने केही रोपाइँ गर्ने चटारोमा छन् । कृषकहरू मकै गोड्ने र रोपाइँको काममा व्यस्त भइरहँदा जिल्लामा विगतका वर्षमा जस्तै यस वर्ष पनि रासायनिक मलको अभाव देखिएको छ । सरकारले कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत कृषकलाई माग अनुसार रासायनिक मल उपलब्ध गराउन सकेको छैन । मल नहुँदा जिल्लाका कृषक मर्कामा परेका छन् । बालीका लागि आवश्यक पर्ने रासायनिक मल बिचौलियासँग चर्को मूल्य तिरेर किन्न बाध्य हुँदै आएको किसानले बताएका छन् ।

जिल्लाका कृषकले यतिबेला मकै र धान खेतीका लागि युरिया मल माग गरिरहेको बेला कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङले कृषकलाई युरिया मल उपलब्ध गराउन सकेको छैन । कृषि सामग्री कम्पनी लिमिटेड धुलिखेल शाखाका प्रबन्धक आलोक कुमार तत्कालका लागि जिल्लाको पाँचखाल, मण्डनदेउपुर, बनेपा, पनौतीलगायतका स्थानीय तहका कृषकले युरिया मलको माग बढी गरेको बताउनुहुन्छ ।

उहाँले काभ्रेपलाञ्चोकमा तत्कालका लागि मकै खेतीका लागि करिब साढे दुई हजार मेट्रिक टन युरिया मल आवश्यक पर्ने बताउनुभयो । उहाँले सो मौज्दात मकै खेतीका लागि पुगे पनि धान खेतीका लागि भने अभाव रहने बताउनुभयो । शाखा प्रबन्धक कुमारले चालु आर्थिक वर्षका लागि जिल्लामा आउनुपर्ने कोटा प्रणालीको अन्तिम लटको ६५४ मेट्रिक टन वीरगन्जमा रहे पनि ढुवानीकर्ताले कोटातर्फको मल ढुवानीको म्याद सकिएकाले मल तत्काल जिल्लामा ल्याउन सम्भव नदेखिएको बताउनुभयो ।

उहाँले वीरगन्जमा रहेको मल ल्याउन वैकल्पिक ढुवानीको व्यवस्था गर्न लागिएको आफूले खबर पाएको बताउनुभयो । शाखाको धुलिखेलस्थित गोदाममा जिल्लाका लागि १२४ बोरा युरिया मल मात्रै बाँकी रहेको बताउनुभयो । उहाँले चालु आवको हालसम्म जिल्लामा चार हजार ८७०.०५ मेट्रिक टन युरिया, दुई हजार ३९.४ मेट्रिक टन डिएपी, २६१.२५० मेट्रिक टन पोटास मल बिक्री गरिएको छ । बिक्री गरिएको रासायनिक मलमध्ये सबैभन्दा बढी पाँचखाल नगरपालिका र त्यसपछि मण्डनदेउपुर नगरपालिकामा रहेको कार्यालयले जनाएको छ ।

कृषि सामग्रीले आगामी आवमा काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोकका लागि १२ हजार मेट्रिक टन युरिया, चार हजार मेट्रिक टन डिएपी र तीन सय मेट्रिक टन पोटास मलको माग गरिएको शाखा प्रबन्धक कुमारले बताउनुभयो ।

यसै गरी साल्ट ट्रेडिङ कर्पोरेसन बनेपाका प्रबन्धक सुरेन्द्र अवालेले शाखामा पाँचखाल, मण्डनदेउपुर नगरपालिकाका सहकारी र कृषकबाट युरिया र डिएपी मलको माग धेरै आएको बताउनुभयो । उहाँले शाखामा काभ्रेपलाञ्चोकका लागि कुनै मल मौज्दात नरहेको बताउनुभयो । उहाँले शाखामार्फत चालु आवको हालसम्म जिल्लामा सहकारीमार्फत डिएपी ४३ हजार ८५५ बोरा, युरिया ३३ हजार ३३४ बोरा र पोटास तीन हजार १६८ बोरा बिक्री गरिएको बताउनुभयो । उहाँले शाखामा युरिया ७९४ बोरा, डिएपी एक हजार १८ बोरा र पोटास ४१० बोरा मौज्दात रहेको र उक्त मल रामेछाप र दोलखा जिल्लामा पठाउन बाँकी रहेको बताउनुभयो ।

## विद्युत् वितरणमा चाप

**चितवन समाचारदाता**
*चितवन, असार १ गते*

अत्यधिक गर्मीका कारण विद्युत् खपत बढेपछि चितवनमा विद्युत् वितरण प्रणालीमा चाप बढ्दै गएको छ । ट्रान्सफर्मर, प्रसारण तथा वितरण लाइनमा 'ओभरलोड' हुँदा विद्युत् आपूर्तिमा समस्या देखिन थालेको नेपाल विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रले जनाएको छ ।

विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रका प्रमुख राजेन्द्रकुमार चौधरीका अनुसार गर्मी बढेसँगै एयर कन्डिसनर, फ्रिज, पङ्खा, पानी तान्ने मोटरलगायत विद्युतीय उपकरणको प्रयोग बढ्दा विद्युत् प्रणालीमा अतिरिक्त भार परेको छ । यसका कारण ट्रान्सफर्मर ओभरलोड हुने, भोल्टेज घट्ने तथा विद्युत् आपूर्तिमा अवरोध सिर्जना हुने समस्या देखिएको उहाँले बताउनुभयो ।

"विद्युत् प्रणालीमा अत्यधिक चाप परेको छ । अत्यावश्यकबाहेक अन्य विद्युतीय उपकरणको प्रयोग सकेसम्म कम गर्न उपभोक्तासँग अनुरोध गरेका छौँ," प्रमुख चौधरीले भन्नुभयो । उहाँका अनुसार पछिल्ला दिनमा ओभरलोडका कारण ट्रान्सफर्मर पड्किने, तार पग्लिने तथा उपकरणमा क्षति पुग्ने घटना दैनिक जसो भइरहेका छन् । यस्ता प्राविधिक समस्याले विद्युत् आपूर्तिलाई प्रभावित बनाएको छ । यसैबिच भरतपुर महानगरपालिका-११ स्थित सबस्टेसनमा फिडर अटोमेसनको कामसमेत सञ्चालन गरिएकाले केही क्षेत्रमा विद्युत् आपूर्तिमा थप असर परेको प्राधिकरणले जनाएको छ । सबस्टेसनका १० वटा फिडरलाई अटोमेसन प्रणालीमा जोड्ने काम वैशाख १६ गतेबाट सुरु गरिएको भए पनि हाल उक्त कार्य अस्थायी रूपमा रोकिएको छ । भरतपुर वितरण केन्द्रबाट दैनिक करिब ६५ मेगावाट विद्युत् खपत भइरहेको छ । केन्द्रको कुल क्षमता १८० मेगावाट रहे पनि एकै समयमा हुने अत्यधिक मागका कारण वितरण प्रणालीमा चाप बढेको हो ।

हाल भरतपुर वितरण केन्द्र अन्तर्गत करिब ७५ हजार ग्राहक छन् । हरेक वर्ष नयाँ घर थपिने गर्दा ग्राहक सङ्ख्या वृद्धि भइराखेको छ । घर निर्माणको काममा समेत विद्युत्को खपत हुने गरेको छ । गर्मीको मौसममा अधिकांश ग्राहकले एकै समयमा उच्च क्षमताका विद्युतीय उपकरण सञ्चालन गर्दा स्थानीय रूपमा ट्रान्सफर्मर र वितरण लाइनमा भार बढ्ने गरेको प्राधिकरणको भनाइ छ । केन्द्र अन्तर्गत रहेका दुई वटा सबस्टेसनबाट ९०/९० मेगावाट क्षमतामा विद्युत् आपूर्ति हुँदै आएको छ । प्राधिकरणले विद्युत् प्रणालीलाई सुरक्षित र भरपर्दो बनाउन मर्मत, स्तरोन्नति तथा अटोमेसनका कामलाई निरन्तरता दिएको जनाएको छ ।

## सहकारीद्वारा डेरीजन्य उत्पादन बिक्री




तस्बिर : शालिग्राम नेपाल

**चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घले भरतपुरमा सञ्चालन गरेको डेरी मार्ट ।**

**चितवन समाचारदाता**
*चितवन, असार १ गते*

चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ लिमिटेडले आफ्नै उद्योग स्थापना गरी उत्पादन गरेको डेरीजन्य सामग्री मार्टमार्फत प्रत्यक्ष रूपमा बिक्रीवितरण गर्न थालेको छ ।

बजारमा उपलब्ध डेरीजन्य उत्पादनको गुणस्तरप्रति उपभोक्ताबाट गुनासो आउन थालेपछि शुद्ध तथा गुणस्तरीय उत्पादन उपलब्ध गराउने उद्देश्यले सङ्घले उद्योग स्थापना गरी बिक्रीवितरण सुरु गरेको हो ।

पूर्वी चितवनको रत्ननगर नगरपालिका-५ मा सञ्चालित उद्योगबाट उत्पादन हुने दुध, दही, पनिर, खुवा, पुस्टकारी, बटर, चिज, गुँदपाकलगायतका सामग्री भरतपुरका तीन स्थानमा सञ्चालनमा रहेका मार्टमार्फत बिक्री हुँदै आएको छ ।

सङ्घका अध्यक्ष किशोर बगालेले बजारमा भारतीय तथा अन्य जिल्लाबाट आउने केही डेरीजन्य उत्पादनको गुणस्तरबारे उपभोक्ताले प्रश्न उठाएपछि सहकारीले उत्पादन गरी बिक्री गर्ने अवधारणा अघि बढाएको बताउनुभयो । "हामीले आफ्नै उत्पादन र डेरीजन्य सामग्री मात्र बिक्री गर्दै आएका छौँ," उहाँले भन्नुभयो, । "सङ्घले हाल रत्ननगरमा भाडाको भवनबाट उद्योग सञ्चालन गरिरहेको भए पनि भरतपुर महानगरपालिका-१५, फूलबारीमा आफ्नै जग्गामा आधुनिक उद्योग भवन निर्माणको काम अघि बढाइरहेको अध्यक्ष बगालेले जानकारी दिनुभयो ।

सङ्घले दुग्ध उत्पादन वृद्धि गर्न किसानकेन्द्रित विभिन्न कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ । गाईभैंसीमा देखिने बाँझोपन समस्या न्यूनीकरणका लागि गोठ सुधार, पशु स्वास्थ्य सेवा, चिकित्सकीय परामर्श तथा प्राविधिक सहयोग प्रदान गरिँदै आएको उहाँले बताउनुभयो ।

यसका साथै बहुवर्षीय घाँसका बिरुवा वितरण, होलिस्टिन साँढे उपलब्ध गराउने, कृत्रिम गर्भाधानसम्बन्धी तालिम सञ्चालन गर्नेलगायतका कार्यक्रममार्फत किसानलाई सहयोग पुर्‍याइएको छ ।

अध्यक्ष बगालेका अनुसार जिल्लामा ११५ वटा दुग्ध उत्पादक सहकारी संस्था सक्रिय छन् । ती संस्थामार्फत दैनिक करिब तीन लाख ५० हजार लिटर दुध उत्पादन हुँदै आएको छ । उत्पादन भएका दुध काठमाडौँ, पोखरालगायतका प्रमुख बजारमा बिक्रीवितरण हुँदै आएको छ भने चितवनकै बजारमा पनि उल्लेख्य मात्रामा खपत हुने गरेको छ ।

काठमाडौँ पठाइने दुधको भुक्तानी समयमै प्राप्त नहुँदा किसान र सहकारी दुवै प्रभावित बनेका छन् । बिक्री गरेको दुधको रकम लामो समयसम्म नपाउने समस्या बढेपछि सङ्घले मूल्य अभिवृद्धि हुने डेरीजन्य सामग्री उत्पादन गरी आफैँ बजार व्यवस्थापन गर्ने रणनीति अवलम्बन गरेको जनाएको छ ।

## 'प्रविधिमैत्री संरचना आवश्यक'

**नारायणगढ समाचारदाता**
*नारायणगढ, असार १ गते*

इन्जिनियरिङ, डिजिटल प्रविधि, पूर्वाधार विकास तथा दिगो निर्माणका विषयमा अन्तर्राष्ट्रिय सम्मेलन भरतपुरमा सोमबार सम्पन्न भएको छ । चितवनस्थित युनाइटेड टेक्निकल कलेज (यु टेक) भरतपुरको आयोजनामा भएको सो सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञ, अनुसन्धानकर्ता, प्राध्यापक, इन्जिनियर तथा विद्यार्थीको सहभागिता रहेको थियो ।

सम्मेलनको उद्घाटन गर्दै पोखरा विश्वविद्यालयका उपकुलपति प्राडा विष्णुराज तिवारीले डिजिटल प्रविधि, अनुसन्धान तथा नवप्रवर्तनलाई राष्ट्रको समग्र विकाससँग जोड्न आवश्यक रहेको बताउनुभयो । "हाम्रा संरचना अब प्रविधिमैत्री हुनु पर्छ, नवप्रर्धनलाई जोडेर अगाडि बढ्नु पर्छ," उहाँले भन्नुभयो ।

नेपाल इन्जिनियरिङ परिषद्का अध्यक्ष प्राडा पदमबहादुर शाही, त्रिभुवन विश्वविद्यालय अन्तर्गत आइटी इनोभेसन सेन्टरका निर्देशक तथा आइओई पुल्चोक क्याम्पसका प्राध्यापक प्राडा सुवर्ण शाक्य, सोसाइटी अफ ट्रान्सपोर्ट इन्जिनियर्स नेपालका अध्यक्ष डा. हरिराम श्रेष्ठ, सम्मेलन संयोजक डा. सुरज लामिछानेलगायतले नेपालमा गुणस्तरीय प्राविधिक शिक्षा, अनुसन्धान र नवप्रवर्तनलाई प्राथमिकता दिँदै शैक्षिक संस्था, उद्योग तथा सरकारी निकायबिचको सहकार्यलाई सुदृढ बनाउन आवश्यक रहेको कुरामा जोड दिनुभएको थियो ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**खानी तथा भूगर्भ विभाग, लैनचौर, काठमाडौँ**

**भूलसुधार**

मिति २०८३/०३/०१ गते गोरखापत्र दैनिकको पृष्ठ १९ मा प्रकाशित खानी तथा भूगर्भ विभागको सूचनामा **खास खनिज प्रवर्द्धनको सूचना प्रकाशन मिति २०८२।१२।११** हुनुपर्नेमा अन्यथा भई प्रकाशित भएकाले सच्याइएको छ ।

ब्रह्मपुरी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
ब्रह्मपुरी, सर्लाही

**सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८३।०३।०२ गते)

यस ब्रह्मपुरी गाउँपालिकाको स्वीकृत संगठन संरचना तथा दरबन्दी बमोजिम तपसिल अनुसारको पदमा यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा रीतपूर्वक दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| विज्ञापन नं. | पद | श्रेणी/ तह | माग संख्या |
|---|---|---|---|
| १४/२०८२-०८३ | सहायक कम्प्युटर अपरेटर | सहायक चौथो | १ (एक) |

दरखास्त फारम तथा थप जानकारीको लागि यस गाउँपालिकाको वेबसाइट www.brahmapuri.gov.np वा प्रशासन शाखामा हेर्न वा कार्यालयको फोन नं. ९८५४०४४०१२ मा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**BID CANCELLATION NOTICE**

All concerned bidders are hereby informed that the Invitation for Bids (IFB No. RBBL/GSD/NCB/WAN/082/83-01) for **Procurement of Wide Area Network (WAN) connectivity** for branches & offices of Rastriya Banijya Bank Limited, published on 2082/09/04 at *www.bolpatra.gov.np/egp*, is hereby cancelled. This cancellation is effected in accordance with the **Public Procurement Act, 2063** and pursuant to the provisions stipulated under **Clause ITB 37 (Cancellation of Procurement Proceedings)** of the Instruction to Bidders (ITB) section of the Tender Document.

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

**RASTRIYA BANIJYA BANK LTD.**
**Central Office**
**General Service Department**
**Phone: 5721220 Ext. no. 1317, 2411**
**email: gsd.admin@rbb.com.np**

**Government of Nepal**
**Ministry of Energy, Water Resoures and Irrigation**
**River and Water Induced Disaster Management Division**
**Jawalakhel, Lalitpur**

**Notice of Intention to Award the Contract**

**Date of publication : 2083/03/02 (16 May 2026)**

This is to Notify that our bid dated 2083-02-12 published on PPMO Website bolpatra.gov.np/egp, River and Water Induced Disaster Management Division express its Intention to award the contracts to the following bidders, pursuant to Public Procurement Act 2063, sub clause 27.2 and 27.3 as listed below.

| S. No. | Contract Identification No. | Name of Successful Bidder | Bid Amount, NRs. (Including VAT) |
|---|---|---|---|
| 1 | RWIDMD/SQ/Works/082-83/01 | M/S Shree Sundar Shanta Nepal Nirman Sewa, Sindhupalchowk | 10,63,104.00 |
| 2 | RWIDMD/SQ/Works/082-83/02 | M/S Ojhaswi Nirman Sewa, Kathmandu | 12,59,778.24 |
| 3 | RWIDMD/SQ/Works/082-83/03 | M/S Ojhaswi Nirman Sewa, Kathmandu | 9,61,915.44 |
| 4 | RWIDMD/SQ/Works/082-83/04 | M/S Ojhaswi Nirman Sewa, Kathmandu | 11,53,858.99 |

**Project Chief**

नेपाल सरकार
**राष्ट्रिय परीक्षा बोर्ड**
शाखा कार्यालय, हेटौँडा, मकवानपुर

**सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/०२**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यालयलाई आवश्यक पर्ने देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा ८ को उपदफा १(क८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ ख बमोजिम त्यस्तो सवारी साधन उत्पादक वा सोको आधिकारिक विक्रेताहरूबीच मात्र प्रतिस्पर्धा गराउने क्याटलग सपिङ विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक वा त्यसको आधिकारिक विक्रेताहरूले फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र, आधिकारिताको प्रमाणपत्र र आ.व. २०८१/०८२ को आयकर चुक्ता प्रमाणपत्र नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरू र स्वघोषणा समावेश गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ख को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधन उत्पादनको आधिकारिक स्पेसिफिकेसन, गुणस्तर, मूल्य र सुविधासहितको विवरण क्याटलग वा ब्रोसर संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) अनुसार यस कार्यालयमा निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक सवारी साधनको विवरण**

| क्र. स. | सवारी साधनको विवरण | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| 1 | 4WD Double Cab Pick-up Right Hand Drive Model : 2026 | 4 Stroke, 4 Cylinder water cooled diesel enging developing maximum rated power outpur not less than 130 BHP at rated RPM & maximum torque should not be less than 300N mat rates rpm, shall be equipped with accessories for efficient full load operation. | 1 (One) | |

**नोट** : सूचना बमोजिमको निवेदन मिति २०८३/०३/०९ गते दिनको १२:०० बजे यस कार्यालयमा खोलिने छ ।
**थप जानकारीको लागि फोन नं. ०५७-५२४६०२, ०५७-५२६०२९ वेबसाइट www.hetauda. neb.gov.np**